

# ७ सिंहको खोरदेखि स्वर्गदूतको वासस्थानसम्म

*यस अध्यायका मूल पदहरू:* दानिएल ६, १ शमूएल १८:६-९, मत्ती ६:६, प्रेरित ५:२७-३२, मर्कूस ६:१४-२९, हिब्रू ११:३५-३८।

*यस अध्यायको मूल सार पद:* "तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकार्बाहीहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै गर्ने मानिस थिए।" दानिएल ६:४।

मिडपर्सियाका सैनिकले बेबिलोनमा आक्रमण गरेर दारा राजाले आफ्नो प्रभुत्व त्यहाँ स्थापना गरेका थिए। दारा राजाले दानिएलको वौध्दिक क्षमताको कदर गरि उनलाई आफ्नो नयाँ सरकारमा समावेश हुन निमन्त्रणा गरे। दानिएल बृद्ध भएपनि उनी जन प्रशासनमा निपूर्ण थिए। त्यसकारण उनलाई सारा मिडपर्सिया सरकारको मुख्य मन्त्रीमा नियुक्त गरिएको थियो।

तर अध्याय ६मा दानिएलले सामना गर्नुपरेको विश्वव्यापी मानवीय स्वभावमा हुने एउटा पापको बारेमा भने नाटकीय रूपमा खुलासा गरिएको छ। त्यो हो खुट्टा तान्ने प्रवृत्ति। तर कथाको अन्त्यमा दानिएल विश्वास र बफादारिताको धरोहर भएर खडा भएको हामी पाउँछौ। उनी मिडपर्सियाको धर्मनिरपेक्ष सरकारप्रतिमात्र होइन परमेश्वरप्रति पनि अत्यन्तै बफादार र विश्वासको पात्र बनेको कुरा कथाको अन्तमा पाइन्छ। परमेश्वरप्रति बफादार भएकोले नै उनको सबै कार्यशैलीमा उनी विश्वासी, इमान्दार, भरपर्दा र पक्का भएका थिए भन्ने कुरामा हामी निश्चित हुन सक्छौं।

युगको अन्त्यमा होस वा आजै परमेश्वरका जनहरूले उहाँलाई विश्वास नगर्ने मानिसहरूबाट कस्तो सतावट खप्नुपर्छ भनेर दानिएलको अनुभव यहाँ एउटा चिन्हको रूपमा देखा परेको छ। परमेश्वरलाई विश्वास गर्ने र नगर्नेहरूको बीचमा वा असल र दुष्टको बीचमा हुने द्वन्द्वमा अन्तको समयमा परमेश्वरमा विश्वास गर्ने वा असलहरूकै जीत हुनेछ भनेर दानिएको अनुभवले बताउँछ। आफ्ना जनहरू बफादार, असल, न्यायी र धर्मी भएको प्रमाण युगको अन्त्यमा परमेश्वरले देखाइदिनुहुनेछ भन्ने कुरामा हामी ढुक्क छौं।

## १. डाहा र इर्ष्याले जलेका राजनैतिक वा सरकारी उच्च ओहदाका कर्मचारीहरू

**सबै कुरामा सिद्ध र स्वस्थ परमेश्वरकै** उपस्थिति भएको स्वर्गमा त स्वर्गदूतहरूका प्रधान लुशिफरले येशूको डाहा गरेको थियो। "लुशिफरले येशू ख्रीष्टको डाहा र ईष गरेको थियो। येशूको सर्वोच्चता, **उहाँको प्रभुत्व, उच्च अधिकार र सही शासनकर्ताको सामु सबै स्वर्गदूतहरू निहुरिन्थे। त्यसबेला येशूको सामु लुशिफर पनि निहुरिन्थ्यो तर उसको हृदयमा येशूप्रति डाहा र घृणा उत्पन्न भइरहेको थियो।"-एलेन जी ह्वाइट, द स्टोरी अभ रिडिम्पशन, पृ. १४बाट रूपान्तरित। मनमा अरूप्रतिको डाहा र ईष राखि राख्नु अत्यन्तै खतरा हुन्छ। दश आज्ञाहरूमा डाहालाई हत्या र चोरी नगर्नु भन्ने आदेशसँगै कसैको लोभ नगर्नु भन्ने आदेश पनि त्यही पङ्क्तिमा राखिएको छ (प्रस्थान २०:१७)।**

देहायका कथाहरूमा डाहा र ईषको भूमिका कस्तो हुन्छ भनेर देखाइएको छ। पढ्नुहोस्ः दानिएल ६:१-५ "१ सम्पूर्ण राज्यको शासन गर्नलाई एक सय बीस जना प्रान्तका बड़ाहाकिमहरू नियुक्त गर्न दारालाई मन लाग्यो। २ तीमाथि तीन जना अध्यक्ष नियुक्त गरिए, जसमध्ये दानिएल एक थिए। राजाको काममा हानि नहोस् भनेर ती प्रान्तका बड़ाहाकिमहरू उनीहरूप्रति उत्तरदायी गराइए। ३ अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे। ४ तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए। ५ अन्तमा ती मानिसहरूले भने, "हामीले यस दानिएलको विरुद्धमा

अभियोगको लागि, उसका परमेश्वरको व्यवस्थासम्बन्धमा बाहेक, कुनै पनि आधार कहिल्यै पाउन सक्नेछैनौं।" , उत्पत्ति ३७:५-११ "५ एक पल्ट योसेफले एउटा सपना देखे। तिनले त्यो सपना आफ्ना दाजुहरूलाई भनेपछि तिनीहरू उनीसँग झन् बढ़ी दुश्मनी राख्न लागे। ६ तिनले उनीहरूलाई भने, "मैले देखेको सपना सुन्नुहोस्। हामीहरू खेतमा अन्नका बिटा बाँधिरहेका थियौं। ७ मेरो बिटाचाहिँ ठाड़ो भयो, र तपाईंहरूका बिटाहरू त्यसका चारैतिर जम्मा भएर मेरो बिटालाई दण्डवत् गरे।" ८ तिनका दाजुहरूले तिनलाई भने, "के तँ हामीमाथि राज्य गर्ने भइस्? के तेरो प्रभुत्व हामीमाथि हुने भयो?" अनि तिनको सपना र तिनका कुराहरूको कारणले उनीहरूले तिनीसँग झन् दुश्मनी राखे। ९ तब तिनले अर्को सपना देखे र तिनका दाजुहरूलाई यसो भनेर बताए, "सुन्नुहोस्, मैले अर्को सपना देखें। सूर्य, चन्द्र र एघार वटा ताराले मलाई दण्डवत् गरिरहेका थिए।" १० जब तिनले आफ्ना बाबु र दाजुहरूलाई यो सपना बताए, तब तिनका बाबुले तिनलाई हप्काएर भने, "तैंले देखेको यो सपना के हो? के साँच्ची नै म र तेरी आमा र तेरा दाजुहरू आएर भूइँसम्मै झुकेर तँलाई ढोगिदिने?" ११ तब तिनका दाजुहरूले तिनलाई डाह गर्न लागे। तर तिनका बाबुले चाहिँ यी कुरा मनैमा राखे।" र १ शमूएल १८:६-९ "६ जब दाऊदले पलिश्तीलाई ध्वंस गरेर मानिसहरू फर्किरहेका थिए, तब स्त्रीहरू इस्राएलका सबै सहरबाट निस्के, अनि तिनीहरू सितार र खैंजड़ी बजाउँदै, गाउँदै र नाच्दै शाऊल राजालाई भेट्न आए। ७ स्त्रीहरू आनन्दित भएर यसो भनेर गाउँदथेः शाऊलले हजारौं हजारलाई ध्वंस गरे, र दाऊदले त लाखौं लाखलाई ध्वंस गरे। ८ शाऊल साह्रै रिसाए, र ती शब्दहरूले उनलाई चोट लाग्यो। उनले भने, "दाऊदको निम्ति तिनीहरूले लाखौं लाख ठहराए, तर मलाई चाहिँ हजारौं मात्र। अब तिनलाई राजा तुल्याउनु मात्र त बाँकी रह्यो।" ९ त्यस दिनदेखि उसो शाऊलले दाऊदलाई डाहको दृष्टिले हेर्न लागे।"

**दानिएलको प्रशासकीय दक्षताहरू देखेर राजा प्रभावित भएका थिए। त्यसकारण उनलाई उच्च पदमा नियुक्ति गरिएको थियो। तर मिडपर्सियाका अरू बडाहाकिम तथा उच्च ओहदामा बस्ने मानिसहरूले उनको डाहा गर्न थालेका थिए। तिनीहरूले उनलाई भ्रष्टाचारको अभियोग लगाएर पदबाट बर्खास्त गर्ने षड्यन्त्र गर्न थाले। तिनीहरूले दानिएललाई दोष लगाउन तिनको बारेमा अनेक खोजतलास गरे। तर दानिएको सबै लेनदेन र कार्यशैली पारदर्शी थियो। उनको प्रशासनमा तिनीहरूले उनको कुनै पनि दोष देख्न सकेनन्। "दानिएलको**

बिरुद्धमा अभियोग लगाउने कुनै कारण तिनीहरूले देखेनन्। उनी परमेश्वर र आफ्नो सरकारप्रति बफादार थिए। त्यसकारण तिनीहरूले उनको बारेमा कुनै गल्ती वा दोष भेट्टाउन सकेनन्" (दानिएल ६:४ रूपान्तरित)। आरामिक भाषामा विश्वासिलोको अर्थ भरपर्दो भनेर पनि प्रयोग बुझिन्छ।

दानिएल दोषरहित थिए। उनको खिलाफमा हाकिमहरूले कुनै पनि आरोप लगाउन सकेनन्। संसारको नीति अनुसार ती बडा हाकिमहरूले दानिएलको एकमात्र काममा दोषी भएको निष्कर्ष निकाले। त्यो थियो सृष्टिकर्ता परमेश्वर र उहाँका व्यवस्थाप्रति उनको बफादारिता वा विश्वसनीयता। उनी संसारको नीति अनुसार होइन परमेश्वरको नीति अनुसार चलेका थिए। त्यो नै उनको निम्ति विष हुन पुगेको थियो। त्यसकारण परमेश्वरको व्यवस्थाप्रति कि साम्राज्यको व्यवस्थाप्रति आज्ञाकारी हुने भन्ने परिवन्ध सृजना गरेर दानिएललाई फसाउन सकेमात्र उनी पदाच्युत हुन सक्ने र तिनीहरूको योजना सफल हुनेछ भन्ने कुरामा ती षडयन्त्रकारीहरू सहमत भए। ती बडा हाकिमहरू एउटा कुरामा निश्चित थिए। जुनसुकै परिस्थितिमा पनि दानिएल आफ्नो परमेश्वरको व्यवस्थाप्रति (परमेश्वर बाहेक कसैको सामु नझुक्नु भन्ने दश आज्ञाको आदेश) बफादार हुनेछ र त्यससँग बाँझिने कुनै पनि साम्राज्यको नीति उनको निम्ति मान्य हुनेछैन भन्ने कुरामा तिनीहरू विश्वस्त थिए। दानिएल परमेश्वरप्रति कतिको बफादार वा विश्वासिला रहेछन् भन्ने गवाही त्यो भन्दा अरू के हुन सक्ला?

**तपाईंको जीवनमा तपाईंका आफन्तहरूबाट वा सहकर्मीहरूबाटै तपाइँले कुनै न कुनै खालको डाह र इर्ष्याको सामना गर्नुभएकै होला। डाहा वा इर्ष्या किन हत्यारा जस्तै प्रवृत्तिको हुन्छ र यसले आत्मिक जीवनलाई नै किन अपाङ्ग बनाइदिन सक्छ?**

## २. दानिएलको बिरुद्धमा षडयन्त्र

दानिएलका विरोधीहरूको षडयन्त्रलाई राम्रोसँग सोचबिचारै नगरि तिनीहरूको प्रस्तावमा राजाले लालमोहर लगाइदिएका थिए। ती विरोधीहरूको चिप्लो घसाइमा राजाले फुरुङ्ग हुँदै त्यस्तो प्रस्तावमा किन लालमोहर लगाए होलान्? हेर्नुहोस् दानिएल ६:६-९ "६ यसकारण अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरू एउटा समूह भई राजाकहाँ गएर भने, "हे महाराजा दारा, अमर रहून्! ७ राजकीय अध्यक्षहरू, प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू,

राज्यपालहरू, र सल्लाहकारहरू, सबैले यो मन्जूर गरेका छन्, कि राजाले एउटा आदेश निकाल्नुपर्छ र त्यस आदेशलाई लागू गर्नुपर्छ, जसअनुसार आगामी तीस दिनसम्म हजूरबाहेक कुनै देवता वा मानिसलाई कसैले प्रार्थना गरे भने, हे महाराजा त्यस्ता व्यक्ति सिंहको खोरमा फालिनेछन्। ८ अब हे महाराजा, लिखित रूपमा यो आदेश निकाल्नुहोस्, र खारिज हुन नसक्ने मादी र फारसीहरूका ऐनबमोजिम यो आदेश बदली हुनेछैन।" ९ यसैकारण राजा दाराले लिखित रूपमा यो आदेश निकाले।"

तुरन्तै खारेज गर्नुपर्ने आदेशलाई सजिलै लालमोहर लगाइदिदा राजाले पछि आफैलाई कस्तो मूर्ख रैछु भनेर ठाने पनि होलान्। बडाहाकिम र राज्यपालहरूले थापेको धरापमा राजा आफै परेका थिए। भर्खरै बेबिलोनलाई जितेर राजालाई खुशी पारेर राजनैतिक षडयन्त्रको गन्ध नै नदिइकन दानिएललाई फसाउन सकिन्छ भन्ने ती अगुवाहरूको चलाखीपूर्ण चालबाजी थियो। आफ्नो देशको प्रशासनमा जनतालाई छिटो र छरितो सेवा पुर्‍याउन राजाले आफ्नो राज्यलाई विकेन्द्रीकरण गरेका थिए। राजाले देशलाई १२० प्रान्तहरूमा विभाजन गरेका थिए र प्रत्येक प्रान्तमा एक एक जना बडाहाकिमहरू वा राज्यपालहरू नियुक्त गरेका थिए। देशको निम्ति त्यसरी राज्य संचालन गर्नु सधैंका लागि हितकारी हुन्छ भन्ने थिएन किनकि कुनै प्रभावकारी राज्यपाल वा बडाहाकिमले सरकार बिरुद्ध षडयन्त्र रचेर कतिपय राज्यपालहरूलाई आफ्नो हातमा लिएर केन्द्रीय सरकार वा राजाको बिरुद्धमा जान सक्थे। ३० दिनसम्म राजालाई मात्र ढोग्ने वा पूजा गर्ने आदेश कार्यान्वयन गर्दा सबै जनता राजाको पक्षमा बफादार भएको देखिन्छ र कोही पनि विरोधी नभएको प्रमाणित हुन्छ भन्ने रणनीति दानिएलका शत्रुहरूले ठानेका थिए। सबै राज्यपालहरू, प्रशासकहरू, बडाहाकिमहरू, सल्लाहकारहरू र सरकारका गन्यमान्यहरूको समर्थनमा त्यो आदेश तर्जुमा भएको हो भनेर झुठो दावी गरेर ती षडयन्त्रकारीहरूले राजालाई फसाएका थिए किनभने त्यसमा दानिएललाई समावेश गरिएको थिएन अर्थात् सबै जना उक्त योजनामा सरिक भएका थिएनन्। फेरि राजालाई नै देवता भनेर सबैले मानिदिंदा ठूलो सम्मान पाउँने आशाले राजा पनि फुरुक्क परेर लालमोहर सदर गरिदिएको हुनुपर्छ।

पर्सियाको राजाले आफू भगवान हुँ भनेर दावी गरेको पर्सियाको इतिहासमा छैन। तैपनि राजा दारालाईमात्र ३० दिन सम्म पूजा गर्ने आदेश दिइनुले ती दिनहरूसम्म यस संसारमा राजाहरू देवीदेवताहरूकै अवतार हुन् भनेर

देखाउने आभास् पनि दिन्थ्यो। ३०दिनसम्म जनताले देवताहरूलाई राजा दारामार्फतमात्र पूजा पाठ वा प्रार्थना गर्नुपर्थ्यो। दुर्भाग्यवस षडयन्त्रकारीहरूको प्रस्तावको नियतवारे राजाले खोजीनीति गरेनन्। त्यसकारण जुन आदेशमा लालमोहर लगाउन दिइयो त्यो राजाको विरुद्धमा कसैले षडयन्त्र नगरोस् भनेर होइन तर दानिएललाई दखल पार्ने नीति थियो।

राजाको सो आदेशको दुई पक्षहरूलाई हामीले ध्यान दिनु जरुरी छ। कोहिपनि त्यस आदेशको विरुद्धमा गएमा उसलाई सिंहको खोरमा फ्याँकिने छ भनिएको थियो। जबकि यस्तो खालको सजाय तत्कालीन समयमा कहीं पनि थिएन।त्यो परिवेशमा सो सजायँ दानिएलकै शत्रुहरूको षडयन्त्र हुनसक्थ्यो। पौराणिक मध्यपूर्वका राजाहरूले सिंहहरूलाई खोरमा राख्थे र शिकार गर्ने वेलामा ती सिंहहरूलाई छोडिन्थ्यो। त्यसकारण राजाको आदेशलाई उल्लङ्घन गर्ने व्यक्तिलाई सिंहको खोरमा फ्याकिदिँदा त्यसलाई लुछने सिंहको कुनै कमी थिएन। दोस्रो कुरा, राजाले लालमोहर लगाएर आदेश जाहेर भइसकेपछि त्यसलाई कसैले पनि परिवर्तन गर्न नसक्नु। पर्सिया र मिडहरूको नीति वा व्यवस्था परिवर्तन वा रद्ध गर्न नसक्ने भनेर एस्थर १:१९ र ८:८मा उल्लेख गरिएको छ। पौराणिक ग्रीकको इतिहासकार डियडोरस सिकुलसले दारा तेस्रोको बारेमा लेखेका छन्। यो दारा दानिएलमा उल्लेख गरिएको दारा होइन। त्यो दाराले एउटा निर्दोष मानिसको विरुद्धमा मृत्युदण्डको आदेश दिएको थियो। जबकि त्यो व्यक्ति निर्दोष साबित हुँदापनि त्यतिबेला राजाको आदेशलाई रद्द गर्न सकिएको थिएन।

## ३. दानिएलको प्रार्थना

"जब तिमी प्रार्थना गर्छौं तब तिम्रो कोठाभित्र पस। कोठाको ढोका बन्द गर। गुप्त स्थानमा रहनुहुने तिम्रो स्वर्गको पितालाई प्रार्थना गर। गोप्य स्थानमा तिमीलाई देख्नुहुने तिम्रो स्वर्गको पिताले तिमीलाई खुलेर इनाम दिनुहुनेछ" (मत्ती ६:६ रूपान्तरित)।

तर दानिएलले किन आफ्नो कोठाको झ्याल बन्द नगरि चुपचाप प्रार्थना गरे? किन उनले अरूले देख्ने गरि प्रार्थना गरे? हेर्नुहोस् दानिएल ६:१० "जब दानिएलले त्यो आदेश प्रकाशित भएको थाहा पाए, तिनी आफ्नो घरको माथिल्लो तलाको कोठामा गए, जहाँ झ्यालहरू यरूशलेमतिर खुला थिए।

पहिलेजस्तै तिनी दिनमा तीन पल्ट घुँडा टेकी परमेश्वरलाई धन्यवाद दिँदै प्रार्थना गर्थे।"

दानिएल एक कुशल र अनुभवि राजनीतिज्ञ थिए, तर त्यो भन्दा माथि उनी परमेश्वरका सेवक थिए। राजाको आदेशको पछाडि के षडयन्त्र लुकेको थियो सो सरकारका उच्चपदस्थहरूमध्ये उनलाई मात्र थाहा थियो। जुन आदेशमा राजा दाराले लालमोहर लगाए त्यसले आफ्नो राज्यको एकतालाई बलियो बनाउनेछ भन्ने उनले सोचेका थिए तर त्यो आदेशभित्र दानिएललाई पदवाट हटाउने षडयन्त्रको रणनीति थियो भन्ने कुरामा उनी अन्जान थिए।

दानिएलको बिरुद्धमा जुन षडयन्त्र गरियो त्यसको कारण वा नियत मानवीय बिद्रोहको रचना भन्दा पनि परमेश्वर र दुष्ट शक्तिको बीचमा भइरहेको द्वन्दको परिणाम थियो। त्यस समय (ई.पू. ५३९) दानिएलले दानिएल ७ (ई.पू. ५५३) र ८मा (ई.पू. ५५३) उल्लेख गरिएका स्वप्न दर्शनहरू पाइसकेका थिए। त्यसकारण राजाको आदेशलाई उनले बुझ्न सकेका थिए। उनी मानवीय राजनैतिक षडयन्त्रको चंगुलमा होइन तर जगतमा परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धको कारणले भएको हो भन्ने कुरा उनले बुझ्न सकेका थिए। सर्वोच्च परमेश्वरका जनहरूलाई मानिसको पुत्रले दिनुहुने राज्यको स्वप्नदर्शन र स्वप्नदर्शनको अर्थ खुलाउन स्वर्गदूतले सहयोग गरेको (दानिएल ७) हुनाले आफ्नो अगाडि आइपर्ने हरेक शङ्कटको सहजै सामना गर्न उनलाई साहस मिलेको हुनसक्छ। आफ्ना सहकर्मीहरूको अनुभवलाई पनि उनले सम्झेको हुनुपर्छ। तिनीहरूले राजा नबूकदनेसरको चुनौतिलाई सामना गरेका थिए (दानिएल ३)।

त्यसैको फलस्वरुप दानिएलले नियमित रूपमा यरुशलेमतिर फर्केर दिनको तिन पटक परमेश्वरको उपासना गर्ने चलनमा परिवर्तन ल्याएका थिएनन्। राजाबाहेक कुनै मानिस वा भगवानलाई ३०दिनसम्म पूजा नगर्ने चुनौतिपूर्ण निषेधाज्ञा जारी गरिएतापनि आफ्नो नियमित उपासना वा प्रार्थना गर्ने समयलाई दानिएलले लुकाउन चाहेनन्। उनले आफू सुरक्षित हुन आफूले सेवा गरेको देशको धर्म र राजनीतिसँग सम्झौता गर्न चाहेनन्। आफ्नो ज्यान खतरामा पारेरपनि आफ्नो असली पहिचान वा आफू कस्को उपासक हुँ भन्ने जीवित गवाहीलाई दानिएलले लुकाएनन्। राजाको आदेश मान्न देशका सबै राज्यपालहरू, बडा हाकिमहरू र कर्मचारीहरू एक भएका थिए। राजाको आदेशको मुकाबिला गर्न केवल दानिएल मात्र एक्लै अल्पमतमा परेका थिए। उनलाई साथ दिने अरू कुनै मानव प्राणी उनको पक्षमा थियो भन्ने आभास

**बाइबलले दिँदैन। यदि राजाको आदेशसँग लड्नु छ भने त्यत्रो साम्राज्यमा उनी एक्लैले लड्नुपर्थ्यो। तर उनको प्रार्थनाको जीवनले परमेश्वर उनको साथमा हुनुहुन्छ भन्ने कुरामा उनी विश्वस्त थिए। आफ्नो निष्ठा वा बफादारिता तथा देशको राजा र उनको आदेश भन्दा परमेश्वरमा माथि हुनुहुन्थ्यो भनेर उनको प्रार्थनाको जीवनले खुलेयाम प्रकट गरेको थियो।**

प्रेरित ५:२७-३२ पढ्नुहोस्। जब परमेश्वरको नीतिसँग मानिसको नीति बाझ्छ तब मानिसले के गर्नुपर्छ भन्ने कुराको अडान यहाँ स्पष्ट गरेको पाइन्छ। तर जब देश, संस्कार र धर्मनीति, व्यवस्था र कानूनको बिपक्षमा येशूका उपासकहरूले उभिनुपर्दा तिनीहरू परमेश्वरकै इच्छा अनुसार उभिएका हुन् भनेर कसरी यकिन हुन्थ्यो? (येशूभक्तहरूको इतिहासमा करौडौं मानिसहरूले ज्यान गुमाउनुपरेको सत्यलाई विचार गर्नुहोस्। आफ्नो विश्वासलाई धोका दिएर गलत नीति वा कानुनमा लाग्नुभन्दा मारिन तयार हुन पुगेका परमेश्वरका जनहरूको बारेमा सोच्नुहोस्)। हेर्नुहोस् "२१ यो सुनेपछि तिनीहरू एकाबिहानै मन्दिरभित्र पसे र शिक्षा दिन थाले। तर प्रधान पूजाहारी र तिनीसँग हुनेहरू आए, र महासभा, अर्थात् इस्राएलीहरूको सम्पूर्ण सभाका सबैलाई बोलाए, र प्रेरितहरूलाई झ्यालखानबाट ल्याउन मानिसहरू पठाए। २२ तर अफिसरहरूले तिनीहरूलाई झ्यालखानमा नभेट्टाउँदा फर्की आएर यो खबर दिए, २३ "हामीले झ्यालखानमा सुरक्षितसाथ ताला लाएका र पालेहरू ढोकाहरूमा खड़ा भएकै देख्यौं, तर ढोका उघार्दा हामीले भित्र कसैलाई भेट्टाएनौं।" २४ जब मन्दिरका कप्तान र मुख्य पूजाहारीहरूले यो खबर सुने तब यी सबको नतीजा के हुने हो भनी तिनीहरू प्रेरितहरूका विषयमा अन्योलमा परे। २५ तर कोही एक जनाले आएर तिनीहरूलाई भन्यो, "हेर्नुहोस्, तपाईंहरूले जुन मानिसहरूलाई झ्यालखानमा राख्नुभएको थियो तिनीहरू मन्दिरमा खड़ा भएर मानिसहरूलाई शिक्षा दिइरहेछन्।" २६ तब अफिसरहरूका साथमा कप्तान गईकन तिनीहरूलाई बलजफत नगरिकन ल्याए, किनभने मानिसहरूले तिनीहरूलाई ढुङ्गाले हान्लान् भनी तिनीहरू डराए। २७ उनीहरूले तिनीहरूलाई ल्याएर महासभाको अगाडि खड़ा गराए, र प्रधान पूजाहारीले तिनीहरूलाई सोधे, २८ "हामीले तिमीहरूलाई यस नाउँमा केही शिक्षा नदिने कड़ा आज्ञा दिएका थियौं, तर तिमीहरूले आफ्ना शिक्षाले सारा यरूशलेम भरिसक्यौ, र त्यस मानिसका रक्तपातको दोष हामीमाथि ल्याउन चाहन्छौ।" २९ तर पत्रुस र प्रेरितहरूले भने, "हामीले मानिसहरूको होइन तर

परमेश्वरको आज्ञा पालन गर्नैपर्छ। ३० हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो। ३१ परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। ३२ यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ।" (प्रेरित ५:२१-३२)।

## ४. सिंहको खोरमा

दानिएल निडर भएर सदा झैं झ्याल खोलेर प्रार्थना गर्छन्। त्यसको फल स्वरुप षडयन्त्रकारीहरू आफ्नो योजना सफल भएकोमा अत्यन्तै खुशी भएर दानिएललाई भोकाएका सिंहहरूको खोरमा हुत्याउन सफल त हुन्छन्। तर त्यसबेला राजाले दानिएललाई कसरी सम्बोधन गर्छन् जसले गर्दा उनको सामु दानिएल परमेश्वरको शक्तिशाली र विश्वासिलो साक्षी भएका थिए भन्ने कुरा प्रमाणित हुन्छ। हेर्नुहोस् दानिएल ६:११-२३ "११ तब ती मानिसहरू समूह बनाएर गए र दानिएलले परमेश्वरसँग सहायताको लागि प्रार्थना गरिरहेका उनीहरूले भेट्टाए। १२ यसकारण उनीहरू राजाकहाँ गए र उनलाई उनको राजकीय आदेशको बारेमा भने, "हे महाराजा, के आगामी तीस दिनको अवधिभर जसले हजूरलाई बाहेक अन्य कुनै देवता वा मानिसलाई प्रार्थना गर्छ, त्यो सिंहको खोरमा फ्याँकिनेछ भनी हजूरले एउटा आदेश प्रकाशित गर्नुभएको छैन र?" राजाले जवाफ दिए, "हो, मादीहरू र फारसीहरूका ऐनबमोजिम, जुनचाहिँ खारिज हुन सक्दैन, त्यो आदेश स्थायी छ।" १३ तब उनीहरूले राजालाई भने, "हे महाराजा, यहूदाबाट देशनिकाला गरिएकाहरूमध्ये एक जना दानिएलले हजूरको वा हजूरले लिखित रूपमा जारी गर्नुभएको आदेशको वास्ता गर्दैनन्। उनी अझै पनि दिनमा तीन पल्ट प्रार्थना गर्दछन्।" १४ जब राजाले यो कुरा सुने, उनी अत्यन्त दुःखित भए। दानिएललाई छुटकारा दिने उनले निर्णय गरे र तिनलाई बचाउन सूर्यास्तसम्मै हरप्रयास गरे। १५ त्यसपछि ती मानिसहरू समूह भएर राजाकहाँ गए र उनलाई भने, "हे महाराजा, याद गर्नुहोस् कि मादीहरू र फारसीहरूका ऐनबमोजिम राजाको कुनै पनि आदेश वा उर्दी बद्लन सकिँदैन।" १६ यसकारण राजाले हुकुम दिए, र उनीहरूले दानिएललाई लिएर सिंहको खोरभित्र फालिदिए। राजाले दानिएललाई भने, "तिमीले निरन्तर

सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई छुटकारा दिऊन्!" १७ खोरको मुखमा एउटा ढुङ्गा ल्याएर राखियो, र दानिएलको अवस्थामा कुनै परिवर्तन नहोस् भनेर राजाले आफ्नो लालमोहर र उनका भारदारहरूका औंठीहरूको छाप लगाए। १८ तब राजा आफ्नो दरबारमा फर्के र उनको सामु राखिएको खाना नखाई तथा कुनै मनोरञ्जनविना नै उनले त्यो रात बिताए। अनि उनलाई निद्रा लागेन। १९ बिहान झिसमिसेको पहिलो किरणमा नै राजा उठेर आतुरीसाथ सिंहको खोरतिर गए। २० जब उनी सिंहको खोरको नजिक आइपुगे, उनले दानिएललाई वेदनापूर्ण स्वरमा बोलाए, "ए दानिएल, जीवित परमेश्वरका सेवक, के तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई सिंहहरूबाट बचाउनुभएको छ?" २१ दानिएलले उत्तर दिए, "महाराजा अमर रहून्! २२ मेरा परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो, र उहाँले सिंहहरूका मुख थुनिदिनुभयो। तिनीहरूले मलाई कुनै चोट पुऱ्याएका छैनन्, किनभने उहाँको दृष्टिमा म निर्दोष भेट्टाइएँ। महाराजा, हजूरको सामु पनि मैले कुनै गल्ती गरेको छैनँ।" २३ राजा अत्यन्तै खुशी भएर दानिएललाई खोरबाट निकाल्ने आज्ञा दिए। अनि जब दानिएल खोरबाट निकालिए, तिनमा कुनै पनि चोट पाइएन, किनभने तिनले आफ्ना परमेश्वरमाथि भरोसा गरेका थिए।"

**षडयन्त्रकारीहरूलाई दानिएललाई प्रार्थना गरिरहेको अवस्थामा भेट्टाउन धेरै समय लागेन।दानिएल राजाले जारी गरेको अध्यादेशको ठिक विपरीत दिशामा गएका थिए। जब दानिएललाई आरोप लगाउने मानिसहरूले उनको बारेमा राजालाई सुनाए त्यसवेला तिनीहरूले दानिएललाई अत्यन्तै हेपेर यसरी सम्बोधन गरेका थिए, "यहूदाका युद्धबन्दीहरूमध्ये एक दानिएल" (दानिएल ६:१३ रूपान्तरित)। ती षडयन्त्रकारीहरूको सम्मुख मिडपर्सिया साम्राज्यको एक मुख्य र उच्च अधिकारी व्यक्ति र राजाको प्रियपात्र केवल बिदेशी युद्धबन्दी भएर गिर्न पुगेको थियो। अझ आगोमा घ्यू हाले जस्तै तिनीहरूले दानिएलको बिरुद्धमा आपत्तिजनक आरोपहरू राजाको सम्मुख पेश गर्दछन्, "हे महाराज, दानिएलले हजुरको सम्मान नै देखाउँदैन न त हजुरले लालमोहर लगाउनु भएको आदेशको पालना नै गर्छ।" त्यसपछि बल्ल राजाको आँखा खुल्यो।यानिकि अध्यादेशमा लालमोहर लगाउनुको आशय त दानिएललाई धरापमा पार्नु पो रहेछ। दानिएल ६:१४मा भनिएको छ "घाम नअस्ताउँञ्जेल राजाले दानिएललाई सिंहको खोरमा नपार्न प्रयत्न गरे" (रूपान्तरित)। दानिएललाई दण्डबाट छुटाउन अनेकौं प्रयास गरे तर अध्यादेशमा जारी गरिएको दण्डबाट**

अगमवक्तालाई छुटाउन राजाले केही पनि गर्न सक्दैनथे। मिडपर्सियाको कानुनलाई अक्षरस पालना नगर्न कसैलाई छुट थिएन। त्यकारण नचाहँदा नचाहँदै पनि राजाले दानिएललाई सिंहको खोरमा फ्याँक्न आदेश दिए। त्यसबेला राजा स्वयम् सिंहको खोरमा गएका थिए र दानिएल बच्छन् कि भन्ने झिनो आशाले दानिएललाई सम्बोधन गर्छन् जुन प्रार्थना जस्तै थियो, "तिमीले निरन्तररूपमा सेवा गर्ने तिम्रो परमेश्वरले तिमीलाई उद्धार गर्नेछन्" (दानिएल ६:१६ रूपान्तरित)।

जब आफू सिंहको खोरमा सिंहहरूको माझमा हुत्तिन पुगे तब त्यसबेला उनले के गरेका थिए भन्ने त्यहाँ उल्लेख गरिएको छैन तर उनी त्यहाँ रातभर प्रार्थना गरिरहेका थिए भनेर हामी अनुमान लगाउन सक्छौं। परमेश्वरप्रतिको दानिएलको आस्था, निष्ठा र भरोसालाई उहाँले उहाँका स्वर्गदूतहरू पठाउनुभएर सम्मान गर्नुहुन्छ। सिंहहरूले दानिएललाई केही पनि गर्दैनन् भने दालिएल पनि केही गुनासो नगरि सरकारी कामकाजमा खट्न तयार हुन्छन्। यसबारे टिप्पणी गर्दै एलेन जी ह्वाइट भन्नुहुन्छ "दानिएलका शत्रुहरूले उनलाई सिंहको खोरमा फाल्नुबाट परमेश्वरले रोक्नुभएन। दुष्ट कामहरू सम्पन्न गर्न परमेश्वरले खराब स्वर्गदूत र दुष्ट मानिसहरूलाई अनुमति दिनुभयो ताकि आफ्नो सेवकलाई उल्लेखनीय तरिकाले उद्धार गर्न र शत्रुहरूको योजनालाई बिफल पार्न साथै उहाँको जन धर्मी र सही बाटोमा पूर्णरूपमा हिँड्छन् भन्ने प्रमाणित गरेर देखाएको कुरा सबैले देखून्।"-प्रोफेटस एण्ड किङ्गस, पृ. ५४३, ५४४बाट रूपान्तरित।

दानिएलको यो कथा उनको उद्धार गरिएको खुशीपूर्ण घट्नासँगै अन्त्य हुन्छ तर कतिपय समयमा परमेश्वरका जनहरूलाई मृत्युको मुखबाट उद्धार नगरिएका कथाहरू पनि बाइबलमा पाइन्छ, जस्तै बप्तिस्मा दिने युहन्नालाई राजा हेरोदको हत्याबाट उद्धार गरिएको थिएन (मर्कूस ६:१४-२९)। यस्ता कुराहरूलाई हामीले कसरी बुझ्ने?

## ५. निर्दोष साबित

परमेश्वरको बारेमा राजाले कस्तो महिमा प्रकट गर्दछन्? हेर्नुहोस्, दानिएल ६:२४-२८ "२४ दानिएललाई झूटो आरोप लगाउने मानिसहरू राजाको हुकुममा भित्र ल्याइए र श्रीमती र नानीहरूसमेत उनीहरू सिंहको खोरमा फ्याँकिए। अनि उनीहरू खोरको भूइँमा नपुग्दै सिंहहरूले उनीहरूमाथि

झम्टेर उनीहरूका हड्डीहरूसमेत कर्याककुरुक पारेर खाए। २५ तब राजा दाराले साम्राज्यभित्रका हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूलाई यस्तो लेखेः "तिमीहरूलाई कल्याण होस्! २६ म यो आदेश जारी गर्दछु कि मेरो राज्यभरका मानिसहरूले दानिएलका परमेश्वरको भय मान्नु र आदर गर्नुपर्छ। "किनभने उहाँ जिउँदो परमेश्वर हुनुहुन्छ, र उहाँ सधैंभरि रहनुहुन्छ। उहाँको राज्य नष्ट हुनेछैन, उहाँका प्रभुत्वको अन्त कहिल्यै हुनेछैन। २७ उहाँ छुटकारा दिनुहुन्छ र बचाउनुहुन्छ; उहाँ स्वर्गमा र पृथ्वीमा आश्चर्यकर्महरू गर्नुहुन्छ। उहाँले दानिएललाई सिंहहरूको शक्तिबाट छुटकारा दिनुभएको छ।" २८ यसकारण दाराको राज्यकाल र फारसी कोरेसको राज्यकालमा दानिएलको उन्नति भयो।"

**राजा दाराले परमेश्वरको प्रशंसा गर्नु र उहाँको प्रभुत्व वा सार्बभौमसत्तालाई स्वीकार्नु नै यस कथाको उल्लेखनीय विषय हो। परमेश्वरको स्तुति प्रशंसा गर्दै उहाँको प्रभुत्वलाई स्वीकार गर्दै व्यक्त गरिएका अगाडिका भावनाहरू (दानिएल २:२०-२३, ३:२८,२९, ४:१-३, ३४-३७)मा अन्तिम तथा निर्णायक रूपमा राजा दाराले आफ्नो अभिव्यक्ति दिएका थिए। जब तिन हिब्रू युवाहरूको उद्धार भएपछि जसरी राजा नबूकदनेसरले परमेश्वरको प्रशंसा गरेका थिए त्यसरी नै राजा दाराले पनि परमेश्वरले आफ्नो प्रियपात्र दानिएललाई उद्धार गर्नुभएको उपलक्ष्यमा उहाँको स्तुति प्रशंसा र उहाँप्रति सराहना व्यक्त गरेका थिए। अझ त्यो भन्दा अर्को थप काम राजा दाराले गर्दछन्। आफूलाई वाहेक कसैलाई नपुज्नु भन्ने सरकारी अध्यादेश खारेज गरेर सबै जनताले दानिएलको परमेश्वरप्रति श्रद्धा देखाउनु भनेर उनले आफ्नो देशमा आदेश नै जारी गर्दछन् (दानिएल ६:२६)।**

**हो, दानिएललाई अचम्म र अलौकिक तरिकाले उद्धार गरियो, परमेश्वरप्रति उनको निष्ठालाई उहाँले इनामा दिनुभयो, दुष्टहरूलाई सजाय दिइयो। परमेश्वर महान् हुनुहुन्छ र उहाँको शक्ति यस संसारको कुनै पनि शासक भन्दा अपार छ भन्ने कुरा प्रमाणित नै गरेर देखाइयो। हामी यहाँ जे देख्छौं त्यो सारा जगतलाई चिनाउन मुक्तिको योजनाको अन्तिम चरणलाई नाटकीयरुपमा उदाहरणको निम्ति प्रस्तुत गरिएको पाउँछौंः परमेश्वरका जनहरूलाई उद्धार गरिनेछ, दुष्ट तत्वहरूको नाश हुनेछ र सारा जगतको सामु परमेश्वर प्रेमिलो, सदाशयी, आत्मनिर्णयको सम्मान गर्ने र करुणामयी हुनुहुन्छ भनेर जगतका सारा सृष्टिको सामु प्रमाणित गरेर देखाइनेछ (अर्थात् परमेश्वरले**

जबरजस्ती आफ्नो भाऊ खोज्नुहुन्छ भन्ने शैतानको दावी गलत भएको कुरा प्रमाणित गरेरै देखाइनेछ)।

दानिएल ६:२४ त आश्‍चर्यलाग्दो पद नै हो। कतिपयहरूको निम्ति त यो पद असजिलो हुनुको साथै मनमा भाँडभैलो पनि ल्याउँछ होला। किन? हेर्नुहोस् "दानिएललाई झूटो आरोप लगाउने मानिसहरू राजाको हुकुममा भित्र ल्याइए र श्रीमती र नानीहरूसमेत उनीहरू सिंहको खोरमा फ्याँकिए। अनि उनीहरू खोरको भूइँमा नपुग्दै सिंहहरूले उनीहरूमाथि झम्टेर उनीहरूका हड्डीहरूसमेत कर्याककुरुक पारेर खाए।"

मानव अधिकारवादीहरू वा सर्वसाधारण विश्‍वासीहरूको निम्ति यो पद नरमाइलो, अन्यायपूर्ण र मनमा भाँडभैलो ल्याउने कारकको रूपमा खडा हुनसक्छ। दानिएलका शत्रुहरूका निर्दोष श्रीमती र छोराछोरीहरूले पनि दोषी मानिसहरूसँगै सिंहको खोरमा फालिनु र सजाय पाउनु, यो कस्तो न्याय हो? न्यायलाई दुरुपयोग गरिएको भनिएको यस मामिलालाई हामीले कसरी व्याख्या गर्ने?

पहिलो कुरो हामीले यो बुझ्नुपर्दछ कि जुन कदम राजा दाराले लिए त्यो पर्सियन कानुन अनुसार थियो। त्यसमा कोही मानिस अपराधी छ भने त्यस अपराधीको परिवारलाई पनि सजाय दिनुपर्छ भन्ने चलन थियो। पर्सियन कानुन अनुसार यदि परिवारको कुनै सदस्य अपराधी सावित भएमा त्यसको जिम्मेवारी सम्पूर्ण परिवारले नै व्यहोर्नुपर्दथ्यो। त्यो ठिक कानून थियो भन्न त सकिँदैन। तर पर्सियन कानुन अनुसार दारा राजाले चालेको कदम मनासिव थियो भन्न सक्दछौं (केही वर्ष अघि अस्ट्रेलियाले एउटा कानून पारित गरेको थियो। यदि छोराछोरीहरू बदमास भएको खण्डमा त्यसको जिम्मेवारी आमाबाबुले लिनुपर्दछ- अनुवादकको जानकारी)।

दोस्रोमा हामीले यो थाहा पाउनु जरुरी छः राजाको कदमलाई ठिक थियो भन्नलाई त्यसलाई बाइबलले अनुमोदन गर्दैन। आमाबाबुहरूको पापमा छोराछोरीहरूलाई मुछेर मृत्युदण्ड दिनु बाइबलमा मनाही गरिएको छ "बाबुहरूलाई छोराछोरीहरूका निम्ति र छोराछोरीहरूलाई बाबुहरूका निम्ति नमार्नू। हरेक मानिस आफ्नै अपराधको लागि मरोस्।" (व्यवस्था २४:६) र "त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ। छोराले बाबुको दोषको फल भोग्नेछैन, न त बाबुले छोराको दोषको फल भोग्नेछ। धर्मीले आफ्नो धार्मिकताको फल र दुष्टले आफ्नो दुष्ट्याइँको फल पाउनेछ।" (इजकिएल १८:२०)।

यस्तो किसिमको अन्याय र अरू अन्यायहरूको सामु १ कोरन्थी ४:५ले हामीलाई कस्तो सान्त्वना दिनसक्दछ? यसमा के भनिएको छ जुन हाम्रो निम्ति निर्णायक मनन् गर्नुपर्ने वचन हुनुपर्छ? हेर्नुहोस् "यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।"

## उपसंहारः

दानिएललाई **सिंहको खोरबाट गरिएको उद्धारको घट्ना घटेको सयौं वर्षपछि पनि पावलले लेखेको पुस्तक हिब्रूको हिब्रू ११मा उल्लेख गरिएको छ। यस अध्यायलाई "परमेश्वरलाई विश्वास गर्नेहरूले सजिएको प्रसिद्ध कोठा" भनेर चिनिन्छ। परमेश्वरमाथि भरोसा राखेर चल्दा अनेकौं दुखकष्ट पाउने व्यक्तिहरू भनेर दानिएलको बारेमा उल्लेख गर्दा "परमेश्वरले सिंहका मुखहरू थुन्नुभयो" भनेर उल्लेख गरिएको छ (हिब्रू ११:३३)। यो कथा गजबको छ, तर एउटा कुरा हामीले ख्याल राख्नुपर्छ। दानिएल र उनका साथीहरू अत्यन्तै नाटकीयरूपमा मृत्युबाट पार भएपनि तिनीहरूले अनेकौं दुःखकष्ट र सास्ती पाएका थिए र साहससाथ मरेका पनि थिए। हिब्रू ११मा केही ती मानिसहरूको बारेमा उल्लेख गरिएको पाउँछौं। कोही मानिस जिएर कोही मानिस मरेर गवाही दिन परमेश्वरले बोलाउनुहुन्छ। त्यसकारण दानिएललाई सिंहबाट उद्धार गरिएको विवरणले परमेश्वरका सबै जनहरू मृत्यु र जोखिमपूर्ण आत्मिक यात्रामा उहाँले उद्धार गर्नुहुन्छ भन्ने छैन। ईसाइ इतिहासमा करौडौं पुरुष र महिलाहरू येशूमाथिको विश्वास, निष्ठामा अडिग भएको कारण शहीद भएका थिए र त्यो क्रम जारी नै छ। यद्यपि, अलौकिक ढंगले दानिएललाई उद्धार गरिएको कथाले हामीलाई यो बताउँछ कि यस संसारमा परमेश्वरको प्रभुत्व जारी छ र अन्तत उहाँले आफ्ना सबै जनहरूलाई पाप र मृत्युको शक्तिबाट उद्धार गर्नुहुनेछ। यसको बारेमा अर्को अध्यायहरूमा पनि हामी स्पष्टरूपमा अध्ययन गर्नेछौं।**

## चिन्तनमनन्ः

अ. एक पटक फ्रान्सका प्रख्यात दार्सनिक जिन पावल सार्ट्रले लेखेका थिए "मानिसको मानवीय वास्तविकताको आधारभूत

आवश्यकता के हो भन्ने कोही बुझ्न चाहन्छ भने उसको काम नै परमेश्वरलाई प्रतिबिम्बत गर्नु हो भन्ने कुराको महसुस गर्नुपर्छ" (बिइङ्ग एण्ड नथिङ्गनेसः अ फिनोनोलोजिकल एस्से अन अन्टोलोजी, न्युयोर्क, वासिङ्गटन, १९५४, पृ ७२४बाट रूपान्तरित)। राजा दारा किन धरापमा परे भन्ने कुरो थाहा पाउन उक्त अभिव्यक्तिबाट हामी कसरी बुझ्न सक्छौं? हामी जहाँ भएपनि र जुनसुकै कार्यक्षेत्रमा रहेतापनि हामीले आफ्नै भाऊ खोज्ने वा अहमताहरुबाट हामी कसरी बच्ने?

आ. हामी परमेश्वर र उहाँको व्यवस्थामा निष्ठा राख्छौं भनेर अरूलाई कसरी भन्छौं वा गवाही दिन्छौं? तपाईंको काम र तपाईंको जीवनलाई नै जोखिममा पारेर पनि तपाइँले आफ्नो आस्थाको निम्ति तपाईं अडिग हुनुभएको छ भनेर अरूलाई कसरी चिनाउने?

इ. दानिएलमा के गुण वा स्वभाव थियो जसले गर्दा उनलाई परमेश्वरको योजनाको निम्ति प्रभावकारी रूपमा उहाँले प्रयोग गर्न सक्नुभयो? परमेश्वरको आशिषले तपाईं आफैमा पनि दानिएलको जस्तो गुणहरू कसरी विकास गर्ने?

ई. सिंहको खोरबाट बच्न दानिएलले आफ्नो प्रार्थना गर्ने शैलीलाई कसरी परिवर्तन गर्न सक्थ्ये? त्यो निर्णय ठिकै थियो भनेर उनले चित्त बुझाउन सक्थ्ये। तर त्यसो गर्नाले के उनी सम्झौताको खतरामा पर्थे होलान् त? यदि हो भने किन?

## कथा ७
## प्रार्थना गरिरहने स्पेनकी आमा
## रेबेका रुइज लाग्वार्डिया

एक रात दस वर्षकी केटी, पिलर लाग्वार्डियाले सफा आकाशमा चम्किरहेका ताराहरू एकटक लगाएर हेर्दै आफैलाई सोधिन्, "यी ताराहरूलाई कसले सृष्टि गऱ्यो होला? के हामीलाई सृष्टि गर्ने सृष्टिकर्ता हुनुहुन्छ र? के यहाँ हामी अकस्मात त्यसै आएका हौं र?

धेरै वर्षसम्म पिलरको दिमागमा ती प्रश्नहरू भरिएका थिए। उनले आफ्ना आफन्तहरूलाई ती प्रश्नहरू सोधिन् तर कसैले पनि चित्तबुझ्दो जवाफ दिन सकेनन्। उनी आइतबार चर्चमा जान्थिन् तर त्यहाँ प्रचारकले जलिरहेको नर्क, निष्ठुर र बदला लिने परमेश्वरको बारेमामात्र धेरै प्रवचन सुनाउथे। त्यसले गर्दा उनमा परमेश्वरप्रति वितृष्णा जागेर आएको थियो। त्यसैले उनले चर्च नै जान छोडिन् र आफ्नो परिवारको आस्थाबाट टाढा भइन्।

उनलाई २२ वर्षको उमेरमा रोगले सिकिस्त पाऱ्यो र झण्डै मर्न लागेकी थिइन्। परमेश्वरको बारेमा आफ्नो प्रश्नको जवाफै नपाइकन मरिएला भनेर लाग्वार्डियालाई डर लागिरहेको थियो।

एक दिन अत्यन्तै चिन्तित मुद्रामा उनले झ्याल खोलिन् र आकाशतिर हेरेर चिच्याइन् "हे परमेश्वर, यदि तपाईं हुनुहुन्छ भने तपाईंलाई म चिन्न चाहन्छु। मलाई सहायता गर्नुहोस्! मलाई जवाफ दिनुहोस्!"

परमेश्वरले उनको जवाफ तीनदिनपछि दिनुभयो। त्यस दिन सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासी सिमोन मोन्टोन लाग्वार्डियाको घरको ढोकामा घचघच्याउन आएपुगे। मोन्टोनले लाग्वार्डियाको परमेश्वरलाई विश्वास नगर्ने बुबालाई सुसमाचार प्रचार सभामा आउन निम्तो दिए। लाग्वार्डियाका बुबा भेंडाहरू पाल्थे। उत्सुकता लागेकोले लाग्वार्डियाको बुबाले उनको निम्तो स्वीकार गरे। लाग्वार्डिया पनि आफ्नो बुबासँग जान खोजिन् तर बुबा एक्लै जान लागेका थिए। लाग्वार्डियाले धेरै कर गरिन् र अन्तमा दुई जनाको वादविवादपछि उनी पनि जान पाउने भइन्।

लाग्वार्डियालाई सञ्चो थिएन। उनी कमजोर थिइन्। सन् १९६०को दशकमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा भएको बेलुकीको कार्यक्रममा उनी पहिलो पटक गइन्। उनले मिठो भजनहरू सुनिन्। त्यसबेला उनले दानिएल

२ मा उल्लेखित समयको अन्तमा हुने भविष्यवाणी सुनिन्। उनको बुबा भने त्यो पहिलो रातपछि फरि कहिल्यै चर्च फर्केनन्। तर लाग्वार्डिया निरन्तररूपमा बेलुकीपखको सभामा गइरहिन्। अन्तिम रातमा उनले एउटा पुस्तक उपहारको रूपमा पाइन्। एक जना चर्चका सदस्यले उनको घरको ठेगाना पनि टिपे।

धेरै दिनपछि एक जना महिला लाग्वार्डियाको घरमा आइन्। उनले लाग्वार्डियालाई बाइबल सिकाउन चाहेको कुरा वताइन्। धेरै हप्ताहरूसम्म त्यस महिलासँग लाग्वार्डियाले बाइबल सिकिन्। ती दिनहरूमा लाग्वार्डियाले परमेश्वर सम्बन्धी आफ्ना प्रश्नका जवाफहरू पनि पाइन्।र प्रथम पटक उनले शान्ति र आनन्दको महसुस पनि गरिन्।

बाइबल अध्ययन गरेको दश महिनापछि पास्टर लुइज बुइनोले उनलाई बप्तिस्मा दिए।

उनले ३२ वर्षको उमेरमा विवाह गरिन्। उनको स्वास्थ्यको कारण उनलाई गर्भधारण गर्न मुश्किल भएको थियो। उनले फेरि पनि परमेश्वरसँग प्रार्थना गरिरहिन्। आखिरमा उनी गर्भवती भइन् र मलाई जन्माइन्।

मेरी आमा एक मामुली स्पानिश गोठाला परिवारमा ७३ वर्ष अघि जन्मेकि थिइन्। अहिले उनी खुशीसाथ महान् गोठालाको बगालकहाँ विश्वासीहरूलाई डोऱ्याउँदैछिन्। यस्ती आमा पाएकोमा म परमेश्वरप्रति धन्यवादी छु।